# सिलिचोङ गाउँपालिका

# संस्था दर्ता ऐन, २०७९

स्विकृत मितिः २०७९।०३।११

२०७९/०३/११

## सिलिचोङ गाउपालिकाको संस्था दर्ता ऐन, २०७९

**प्रस्तावना** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (४) (छ) ले प्रदान गरेको अधिकारको कार्यान्वयनका लागि सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम सिलिचोङ गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम सिलिचोङ गाउँपालिकाको संस्था दर्ता ऐन २०७९ रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)"ऐन" भन्नाले सिलिचोङ गाउँपालिकाको संस्था दर्ता ऐन २०७९ सम्झनु पर्दछ ।

(ख)"संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको विकास एवं विस्तार गर्ने उदेस्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल, परिषद अध्ययन केन्द्र आदि पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउने छ।

ग)"स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्दछ र त्यसरी अधिकारी नतोकिएकोमा गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(घ)"कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समिति सम्झनु पर्दछ।

(ङ)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(च)"न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम सिलिचोङ गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

(छ)"कार्यपालिका" भन्नाले सिलिचोङ गाउँपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ ।

(ज)"स्थानीय सरकार" भन्नाले सिलिचोङ गाउँपालिका लाई सम्झनु पर्दछ ।

(झ)"अन्तराष्ट्रिय गैरसरकारी" संस्था मन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ञ)"दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने दिपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्दछ ।

(ट)"विधान" भन्नाले यो ऐन अनुसार दर्ता भएको संस्थाको विधान सम्झनु पर्दछ ।

३. <u>दर्ता नगरी संस्था दर्ता नहुने</u> : (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि सिलिचोङ गाउँपालिका क्षेत्रभीत्र संस्था दर्ता गर्न हुदैन।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य उल्लेख भएको संस्था दर्ता गरिने छैन र यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

४. <u>संस्थाको दर्ता</u> : (१) संस्था दर्ता गर्न चाहीने १ देखि बढीमा १५ जना पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न राख्नु पर्नेछ,

(क) सबन्धित वडाको सिफारिस,

(ख)कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । गाउँ कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ। यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची १ अनुसार हुनेछ र सो वापत लाग्ने दर्ता तथा नविकरण दस्तुर गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र सबन्धित निकाय समक्ष उजुरी दिन सक्नेछ ।

५. <u>संगठित संस्था मानिने</u>: (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

६. <u>संस्थाको सम्पति</u> : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई सस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझने व्यक्ति कानूनी उपचारमा जान सक्नेछ ।

७. <u>अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्ने</u> : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्कालिन प्रचलित कानून बमोजिम दर्ता भएका गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम अन्यत्र दर्ता भएका र हाल यस क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले गाउँपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति पाएको मानिने छ।

८. <u>संस्थाको उद्देश्यमा हेरफेर</u> : (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. <u>हिसाबको विवरण पठाउनु पर्ने</u>: कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण,लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्न सम्बन्धित बडाको सिफारिस सहित गाउँपालिकालाई बुझाउनु पर्नेछ

<u>१०. हिसाब जाँच गर्ने</u> : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको प्रदाधिकारी, सदस्य र कर्मचारीको दायीत्व हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जांचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गरि कारवाही समेत गर्न सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. <u>निर्देशन दिनेः</u>** स्थानीय अधिकारीले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१२. <u>दण्ड सजायः</u>** (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम शाखा नखोली संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुन बमोजिम दण्डित गरिने छ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाई वार्षिक नविकरण नगर्ने संस्थाले दर्ता सुल्कका अतिरिक्त प्रतिवर्ष रु १०००। (एकहजार) जरिवाना तिरी तिन आर्थिक विर्षभित्र संस्था नविकरण गराउन सक्नेछन्। लगातार तीन आर्थिक वर्ष सम्ममा पनि नविकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछ र त्यस्तो संस्थाको स्वामित्वमा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको स्वामित्वमा स्वत आउने छ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(४) दफा ८ को (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थामा गाभेमा वा संस्थाले आफनो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. <u>पुनरावेदनः</u>** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र सम्बन्धित निकायमा पुनरावेदन लाग्नेछ।

**१४. <u>संस्थाको विघटन र त्यसको परिणाम :</u>** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा सर्नेछ ।

(२) उपफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्य स्थानीय सरकारले व्यहोर्ने छ।

१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्न पर्ने : कुनै संस्थाको दर्ता गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघीय या प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ। स्थानीय सरकारमा दर्ता भएको संस्था यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ ।

१६. नविकरण र प्रतिवेदन सम्बन्धी व्यवस्था : दर्ता भएका संस्थाहरुले बार्षिक नविकरण गराउनु पर्नेछ । नविकरणका लागि दिईने निवेदनमा बार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुन पर्नेछ ।नविकरण दस्तुर गाउँपालिकाले तोकेबमोजिमको हुनेछ ।

१७. नियम बनाउन सक्ने: यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

१८. खारेजी र बचाउ : यस ऐनका दफा वा उपदफाहरु गाउँसभाले आवश्यकता बमोजिम खारेज वा संसोधन गर्न सक्नेछ ।

(२) नेपाल सरकारद्वारा संस्था रजिष्ट्रेशन ऐन, २०१६ तथा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(३) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रदेशिक कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ ।

अनुसूची १

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

**सिलिचोङ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**ताम्कु, संखुवासभा**

**संस्था दर्ता प्रमाण-पत्र**

दर्ता नं: ................

दर्ता मितिः .................

सलिचोङ गाउँपालिका वडा नं .........स्थित.......................................मा स्थापना भएको.......................................संस्थालाई यस गाउँ कार्यपालिकाको मिति ......................को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ। यस गाउँपालिकाको सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक, सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

..................................

प्रमुख प्रशासकीय अधिकृत